प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा**
प्रदेश नं. १, भद्रपुर
( कार्यक्षेत्र : झापा र ईलाम )

फोन नं. : ०२३-५२११६१
फयाक्स नं.: ०२३-५२००८७
Email: vhlsjhapa@gmail.com

# प्रस्ताव आह्वानको सूचना

सूचना नं. १/२०७७-७८

**प्रथम पटक प्रकाशित मितिः २०७७।०५।३१**

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७७।०६।१४**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र को आ. व. २०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६**मा भएको व्यवस्था वमोजिमका शर्तहरु पालना गरि साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट मिति २०७७/०६/१४ गते बुधबार सम्म कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेस हुन नसक्ने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ । थप जानकारीको लागि **भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र झापा (फोन नम्बर ०२३-५२११६१) र सम्पर्क कार्यालय ईलाम (फोन न.०२७-५२००४३)** मा सम्पर्क राख्न सकिनेछ ।साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाई ट www.molmac.p1.gov.np बाट **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६** डाउनलोड गरेर समेत विस्तृत जानकारी लिन सकिनेछ। कार्यालयको तर्फबाट प्रति इकाई अधिकतम अनुदान रकम कूल लागतको ७५ प्रतिशत भन्दा बढी हुनेछैन, यदि उक्त रकम तोकिएको रकम भन्दा बढी भएमा तोकिएको रकम मात्र अनुदान स्वरुप उपलब्ध गराइने छ र बाँकी रकम प्रस्तावक स्वयंले व्यहोर्नु पर्नेछ ।

कार्यक्रम विवरणः

| क्र. सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यालयको तर्फबाट प्रति इकाई अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक बंगुर फार्महरुलाई गोठ/खोर निर्मण/ जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | १० (झापा-६, ईलाम-४) | १.५ लाख | पाठापाठी उत्पादकले तराई क्षेत्रको हकमा १० वटा भुनी वंगुर र मासु उत्पादनका लागि २० बटा बंगुर र पहाडी क्षेत्रको हकमा ५ भुनी र मासु उत्पादनका लागि १० बंगुर पालेको वंगुरपालक कृषक/फार्म/ व्यवसायीहरु |
| २ | माछा पोखरी क्षेत्र विस्तार | हेक्टर | ५.४ (झापा-५.४) | प्रति हेक्टर रु. ३ लाख सम्म | व्यवसायिक, निजि कृषक/उद्यमी /कृषक समुह समिति/सहकारी संस्था/फर्म, कम्पनी<br>साझेदारले हिमाल र पहाडमा २०० वर्गमिटर र तराईमा ६ कठ्ठा जग्गामा माछापालन गर्नुपर्नेछ। |
| ३ | मत्स्य यान्त्रीकरणमा अनुदान सहयोग | पटक | १ (इलाम-१ माग र औचित्य अनुसार) | जम्मा रु. २.५ लाख | व्यवसायिक, निजि कृषक/उद्यमी /कृषक समुह समिति/सहकारी संस्था/फर्म, कम्पनी<br>पहाडमा २०० वर्गमिटर जग्गामा माछापालन गरेको र अनिवार्य मत्स्य विमा गरेको हुनुपर्ने ।<br>कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ को मत्स्य यान्त्रीकरण कार्यक्रम (४५) मा अनुदानमा वितरण गरिने मत्स्य औजार उपकरणहरुमा उल्लेखित उपकरणहरुमा मात्र अनुदान उपलब्ध गराइनेछ । |

नि. कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | १५ (झापा-८, ईलाम-७) | २ लाख | शिक्षित बेरोजगार/एकल महिला/दलित/जनजाति र पिछडीएको वर्ग/महिला/सम्बन्धित विषयमा तालिम प्राप्त युवाहरु/वैदेशिक रोजगारबाट फर्किएका युवा |
| ५ | कृषि/पशु सहकारी संस्थाहरुसंगको सहकार्यमा व्यवसायिक पशु पालन कार्यक्रम | संख्या | २ (झापा-१, ईलाम-१) | २५ लाख | कृषि/पशु सेवा सम्बन्धी सहकारी संघ/संस्था/कृषक समूह/समिति/गैर नाफामुलक संघ संस्थाहरु |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरुः**

१. रु.१०। को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन ।

२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. कार्यक्रम संचालनका लागि सम्बन्धीत कार्यक्रमका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना/व्यवसाय योजना ।

४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि/धनीपुर्जा र नक्सा ।

५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको आधारिक करारनामा/सम्झौता पत्र/मंजुरीनामा र मालपोत तिरेको रसिद।

६.एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मंजुरीनामा पत्र र मंजुरीनामा दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

७. प्रचलित कानुन बमोजिम अधिकारीक निकायमा संस्था/फर्म/ व्यवासाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि।

८. समुह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि।

९. अघिल्लो आ.व.को लेखा परिक्षणको प्रतिवेदन र आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर विवरण पेश गरेको कागजात ।

१०. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।

११.बिगत ३ वर्षमा प्रस्तावित कार्यक्रम वा सोही प्रकृतिका कार्यक्रमका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सो अन्तर्गतका निकाय र स्थानिय तहहरुबाट अनुदान नलिएको स्वघोषणा-पत्र ।

१२. स्थानिय तह पशु सेवा शाखाको सिफारिस पत्र।

१३. प्रचलित कानुन बमोजिम कुनै कारवाहीमा नपरेको स्वयमघोषणा पत्र समावेश गर्नुपर्ने ।

१४. कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ मा उल्लेख भए अनुसार थप कागजातहरु।

**नोटः**

१. प्रस्तावहरु भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा र सम्पर्क कार्यालय ईलाम मध्ये आफुलाई पायक पर्ने कार्यालयमा दर्ता गर्न सकिने छ ।

२. अनुदानसंग सम्बन्धित तोकिएको ढाँचा अनुसारका फर्मेटहरु यस कार्यालयबाट कार्यालय समय भित्र निःशुल्क उपलब्ध गराइनेछ ।

(कार्यालय प्रमुख)

नि. कार्यालय प्रमुख

प्रदेश सरकार १ नं. प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा (कार्यक्षेत्र : ईलाम र झापा)